## गर्भपतन मुद्दामा गोपनियता कायम नगरिएको


मिसिल अध्ययनको सिलसिलामा प्रायजसो मुद्दाहरुमा पीडित महिलाहरुको गोपनियता कायम गरेको देखिँदैन । यस सम्बन्धी तथ्य निम्न बमोजिम रहेको देखिन्छ ।

| मुद्दाको जम्मा संख्या | गोपनियता कायम नगरेको | गोपनियता कायम गरेको |
|---|---|---|
| ५३ | ४७ | ६ |

जबरजस्ती करणीका कारण रहेको गर्भको सन्दर्भमा चलेका मुद्दाहरुमा बाहेक महिलाको गोपनियता कायम गर्ने गरिएको देखिँदैन । साथै केही मुद्दाहरुमा पीडित महिलाको फोटो समेत संलग्न गरी अभियोगपत्र दायर गरेको देखिन्छ । यसरी गर्भपतनसम्बन्धी मुद्दामा सम्बन्धित महिलाको गोपनियता कायम नगरेको अवस्थामा पीडित महिला सामाजिक लाञ्छना भोल्न बाध्य हुन सक्ने अवस्था देखिन्छ ।

## कानुनी सहायताको अभाव

अध्ययनको क्रममा गर्भपतन र जातक हत्या अभियोग लागेका महिलाहरुको आर्थिक अवस्था निम्न रहेको र त्यस्तो महिलाहरुलाई परिवार तथा समाजबाट समेत सहयोग र समर्थन नरहेको पाइयो । गर्भपतन र जातक हत्यासम्बन्धी मुद्दामा महिलालाई कानुनी सहायता उपलब्ध हुने कार्यक्रमहरु नभएको अवस्था छ ।[१०] गर्भपतनको अभियोगमा थुनामा रहेका तथा धरौटीमा छुटेका महिलाहरुको भनाईमा आफूले मुद्दाको क्रममा कानुनी सल्लाह र सहयोग नपाएको बताएका थिए ।[११] यसरी अभियोग लगाइएका महिला आफैले कानुन व्यवसायी राख्न सक्ने अवस्था नभएको र कानुनी सहयोगको समेत प्रभावकारी कार्यक्रम नरहेको सन्दर्भमा कतिपय महिलाहरु निर्दोष हुँदा हुँदै पनि कसूरदार ठहर भइरहेका छन् । अध्ययनकै क्रममा जिल्ला अनुसन्धानकर्ताहरुले कानुनी प्रतिनिधित्व नपाएका महिलाहरुको मुद्दामा कानुनी प्रतिरक्षा गर्ने क्रममा अदालतबाट सफाइ दिलाउन तथा अनुसन्धानको क्रममा हिरासतमा रहेको समयलाई कायम गरी रिहा गर्न सफल भएको अवस्थाले समेत यस कुरालाई पुष्टि गर्दछ ।[१२]


श्री बैतडी जिल्ला अदालतमा

स.मु.स.ऐन,२०४९ को दफा १८ (१) बमोजिम प्रस्तुत गरिएको

अभियोग–पत्र

आ.व.२०७३।०७४ को निर्णय नं.

जिल्ला बैतडी ... आहेरीले नेपाल सरकार.......................................१ } वादी

विरुद्ध

जिल्ला बैतडी .......................................१

जिल्ला बैतडी .......................................१ } प्रतिवादी

*संकलित मुद्दाको मिसिलमा संलग्न फोटो सहितको अभियोग पत्र*

## निष्कर्ष

प्रजनन् स्वास्थ्य अधिकारलाई नेपालको संविधानले महिलाको मौलिक हकको रुपमा व्यवस्था गरेको छ ।[१३] प्रजनन् प्रक्रियामा महिला गर्भवती हुने र सोसँग सम्बन्धित जटिलता र समस्या महिलाले व्यहोर्नु पर्ने हुन्छ, तर महिलाको गर्भावस्थामा हुने विषयहरुलाई पितृसत्तात्मक सामाजिक सोच र मान्यताले निर्धारण गर्ने गरेको छ । महिलाले आफ्नो शरीरमाथिको अधिकार र शारीरिक अखण्डताको अधिकारलाई अझसम्म व्यवहारिक रुपमा उपभोग गर्न सकेका छैनन् । महिलाले मात्र व्यहोर्नुपर्ने गर्भसम्बन्धी समस्याहरुमा लैङ्गिक संवेदनशीलताको अभाव देखिन्छ । गर्भपतनसम्बन्धी विषय पनि महिलाको अधिकारको रुपमा भन्दा सामाजिक तथा लैङ्गिक दृष्टिकोणबाट परिभाषित भइरहेको छ । यी मान्यताहरुले गर्दा गर्भपतनसम्बन्धी कानुन र यसको कार्यान्वयनमा थुप्रै चुनौतीहरु रहेको देखिन्छ । अध्ययनको क्रममा धेरैजसो गर्भपतनको अभियोग लागेका मुद्दाहरुमा महिलाहरु यस्तै मुल्य र मान्यताबाट प्रताडित भएको देखिन्छ । गर्भपतनसम्बन्धी कानुनी व्यवस्था फौजदारी कानुनको अंगको रुपमा स्थापित रहेको कारण महिलाविरुद्ध अभियोजन तथा दण्ड सजाय लक्षित गरेको पाइन्छ । कानुन कार्यान्वयनकर्ताहरु असुरक्षित गर्भपतनलाई न्यूनिकरण गर्दै सुरक्षित गर्भपतन सुनिश्चित गर्ने तर्फ भन्दा महिलालाई नै दोषी मान्ने तर्फ उन्मुख रहेका छन् । असुरक्षित गर्भपतनले महिलाको स्वास्थ्य लगायत जीवनमै असर पर्ने, कानुनी कारवाही भोग्नु पर्ने र सामाजिक तथा पारिवारिक बहिष्करणमा पर्नु पर्ने अवस्था अझै विद्यमान छ ।

## सुझावहरु

- गर्भपतनसम्बन्धी व्यवस्था मुलुकी ऐन ज्यान सम्बन्धी महल अन्तर्गत रहेको र भविष्यमा पनि मुलुकी अपराध (संहिता) ऐन अन्तर्गत रहने भएको छ । यसरी गर्भपतनलाई फौजदारी कानुनको भागको रुपमा राख्ने व्यवस्थालाई परिवर्तन गरी प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी कानुनको विषयमा राख्नु आवश्यक छ ।
- गर्भपतन स्वास्थ्यसँग सम्बन्धित कानुनी विषय हो । कानुन कार्यान्वयन गर्ने निकायहरु स्वास्थ्यसँग सम्बन्धित कतिपय शब्दावलीहरुसँग अनभिज्ञ रहेकोले यससम्बन्धी शब्दावलीहरुको परिभाषा कानुनमै प्रष्ट रुपमा उल्लेख गर्न आवश्यक छ ।
- थुनामा रहेका वा धरौटमा छुटेका महिलाहरुको भनाइमा गर्भपतनसम्बन्धी कानुनी व्यवस्था र सुरक्षित सेवाहरुको उपलब्धताको जानकारीको अभावमा असुरक्षित गर्भपतन गर्न बाध्य भइरहेको देखिन्छ । यसले गर्दा गर्भपतनसम्बन्धी कानुन तथा सेवाहरुको उपलब्धता सम्बन्धमा व्यापक प्रचार प्रसार गर्न आवश्यक छ ।
- गर्भपतनसम्बन्धी मुद्दामा रहेको सामाजिक सोच र पितृसत्तात्मक मानसिकतालाई परिवर्तन गरी सुरक्षित गर्भपतन महिलाको प्रजनन् स्वास्थ्य अधिकार हो भन्ने सचेतना जगाउन आवश्यक छ ।
- कानुन कार्यान्वयनकर्ताहरुमा रहेको लैङ्गिक पूर्वाग्रही सोच हटाइ संवेदनशील बनाउन अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रमहरु संचालन गर्ने तथा कानुन कार्यान्वयन गर्ने निकायहरुमा महिलाहरुको सहभागिता वृद्धि गर्न आवश्यक छ ।

---

१ मुलुकी ऐनको एघारौं संशोधन (२०५९) अगाडी उपकारका लागि केही गर्दा गर्भ तुहिन गएकोमा बाहेक कसैले गर्भ तुहाए, तुहाउन लाए वा तुहाउनका लागि मद्दत गरे बात लाग्छ भन्ने व्यवस्था रहेको थियो ।

२ मुलुकी ऐन, ज्यान सम्बन्धी महल नं. २८ (ख) ।

३ मुलुकी ऐन, ज्यान सम्बन्धी महल नं. २८ (क) ।

४ मुलुकी ऐन, ज्यान सम्बन्धी महल नं. २८ (ग),(घ) ।

५ मुलुकी ऐन, ज्यान सम्बन्धी महल नं. २८ (ख) ।

६ मुलुकी ऐन, ज्यान सम्बन्धी महल नं. २९ ।

७ झापा, इलाम, मोरङ, भोजपुर, सुनसरी, सप्तरी, सिराहा, धनुषा, सर्लाही, रौतहट, पर्सा, काठमाडौं, सुर्खेत, बर्दिया, कञ्चनपुर र बैतडी ।

८ भोजपुर र सुर्खेतमा १–१ जना र मोरङमा २ जना गरी जम्मा ४ जना महिलाहरु कारागारमा रहेका छन् ।

९ उल्लेखित मुद्दाहरु इलाम, सुर्खेत, बर्दिया र सुनसरी जिल्ला अदालतहरुबाट संकलन गरिएको हो ।

१० यस अध्ययनको क्रममा नेपाल बार एशोसियसनका प्रतिनिधिहरुसँग लिइएको अन्तर्वार्ताको आधारमा ।

११ यस अध्ययनको क्रममा थुनामा वा धरौटमा छुटेका महिलाहरुसँगको अन्तर्वार्ताको आधारमा ।

१२ यस अध्ययनको क्रममा जिल्ला अनुसन्धानकर्ताको कानुनी सहयोगमा पुनरावेदन अदालत विराटनगरबाट एउटा मुद्दामा र झापा जिल्ला अदालतबाट एउटा मुद्दामा महिलाहरुलाई सफाइ दिने निर्णय भयो भने मोरङ जिल्ला अदालतबाट एउटा मुद्दामा हिरासतमा रहेको समयलाई कायम गरी रिहा गर्ने निर्णय भयो ।

१३ नेपालको संविधान, २०७२ को धारा ३८(२) ।


FORUM FOR WOMEN, LAW AND DEVELOPMENT 1995
Working for non-discrimination and equality

७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. +९७७.१.४२६६४१५, ४२४२६८३
इमेलः fwld@fwld.wlink.com.np
वेबसाईटः www.fwld.org

CENTER FOR REPRODUCTIVE RIGHTS

कालिका टावर
बालुवाटार, काठमाडौं, नेपाल
फोनः +९७७.१.४४१३२५, ४४१०९३९
इमेलः nepaloffice@reprorights.org
वेबसाईटः www.reproductiverights.org


# गर्भपतनसम्बन्धी कानुन तथा कार्यान्वयनमा गर्नुपर्ने सुधारहरू

## मुद्दाहरूको मिसिल अध्ययनबाट देखिएको तथ्यहरू*

अध्ययनको क्रममा गर्भपतनसम्बन्धी मुद्दा चलेका १६ वटा[७] जिल्ला अदालतहरुबाट मिति २०६८ देखि २०७३ सालसम्म जम्मा ५३ वटा गर्भपतनसँग सम्बन्धित मुद्दाका मिसिलहरु संकलन गरिएको थियो । यसरी संकलित मिसिलहरु मध्ये महिलाले गर्भपतन गरेको आरोपमा १३ वटा मुद्दा, महिलाले जातक मारेको (नवजात शिशु हत्या) आरोपमा ७ वटा मुद्दा, महिलालाई डर धाक धम्की दिई, झुक्याई, प्रलोभनमा पारि गर्भपतन गराएको आरोपमा ५ वटा मुद्दा र महिलालाई कुटपिट गरि त्यसबाट गर्भपतन भएको वा तुहिएको आरोपमा २८ वटा मुद्दाहरु रहेका छन् ।

* यो तथ्यहरु महिला, कानुन र विकास मञ्च (FWLD) र सेन्टर फर रिप्रोडक्टिभ राईट्स (CRR) द्धारा गरिएको "गर्भपतनसम्बन्धी कानुन तथा कार्यान्वयनमा गर्नुपर्ने सुधारहरु" अध्ययनको सारसंक्षेप हो ।

वि.सं. २०५९ मा भएको मुलुकी ऐनको एघारौं संशोधनले ज्यानसम्बन्धी महलमा रहेको गर्भपतनसम्बन्धी व्यवस्थामा सुधार गरेको छ,[१] जसअनुसार गर्भवती महिलाको मन्जुरीले १२ हप्तासम्मको गर्भ, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ र गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्दछ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्दछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानुन बमोजिम योग्यता प्राप्त चिकित्सकको राय भएमा जुनसुकै अवधिमा गर्भपतन गर्न पाउने व्यवस्था गरिएको छ ।[२] महिलाको मञ्जुरी विना,[३] गर्भपतन गर्ने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरि,[४] कानुनले तोकेको अवधि र गर्भपतन सेवाका लागि इजाजत प्राप्त स्वास्थ्य संस्था र सेवा प्रदायक बाहेक अन्यबाट गर्भपतन गरे वा गराएमा[५] र केही रिसइवीले गर्भवती महिलालाई केही कुरा गर्दा गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले गरेको रहेनछ भने पनि[६] अपराध कायम गरी सजायको व्यवस्था गरिएको छ ।

करिब १५ वर्ष अघि गर्भपतनले केही शर्तहरुका आधारमा कानूनी मान्यता प्राप्त गरेको भएता पनि सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष (२०६४/६५ देखि २०७२/७३ सम्म) मा जिल्ला अदातलमा २६४, पुनरावेदन/उच्च अदालतमा १५५ र सर्वोच्च अदालतमा ३३ वटा गर्भपतनका मुद्दाहरु दर्ता भएको पाइएको छ । यस्तै गरी महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार सोही आर्थिक वर्षहरुमा विभिन्न तहका अदालतहरुबाट गर्भपतनसम्बन्धी २४२ मुद्दाहरु निर्णय भएकोमा ८१ वटा मुद्दाहरुमा (करिब ३४%) कसूर कायम भएको देखिएको छ । अदालतमा दर्ता भएका गर्भपतनसम्बन्धी मुद्दाहरु कसुर कायम भई सजाय हुने गरेको सन्दर्भमा गर्भवती महिलाहरुलाई पनि यस मुद्दाको अभियोजनमा परी दण्ड सजायको भागी हुन सक्ने परिप्रेक्ष्यमा महिलाहरुलाई सुरक्षित गर्भपतन सेवाको पहुँचका लागि कानुन तथा यसका कार्यान्वयनमा रहेका बाधा तथा चुनौतीहरुबारे तथ्य संकलन गरी विद्यमान कानुनमा आवश्यक सुधारका लागि सुझाव प्रस्ताव गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

# अध्ययनका प्रमुख नतिजाहरू

## गर्भपतनको अभियोगमा महिला जुनसुकै अवस्थामा कारवाहीमा पर्न सक्ने

कानुनी प्रक्रिया अपनाई गर्भवती महिलाको मन्जुरीले गर्भपतन गर्न पाइन्छ भने गर्भवती महिलाको इच्छा विपरित गरेको बलपूर्वक गर्भपतन अपराध हो । तर नेपालमा अझ पनि सबै अवस्थाको गर्भपतन फौजदारी कानुनमा रहँदा गर्भवती महिलाले आफ्नो स्वेच्छाले कानुनी प्रक्रिया पुऱ्याई गर्भपतन गर्दा वा अन्य कुनै कारणले गर्भपतन हुँदा समेत गर्भवती महिलालाई नै अपराधी मान्ने र कारवाही हुने गरेको देखिन्छ । यस व्यवस्थाले गर्दा गर्भवती महिलाहरु नै पीडित हुनपुगेका छन् । अध्ययन गरिएको १३ वटा गर्भपतनसम्बन्धी मुद्दाहरुमध्ये ५ वटा मुद्दाहरुमा कसूर ठहर भएको छ र ४ जना महिलाहरु कारागारमा रहेका छन् ।[८]

### गर्भपतन गरेको शंकाको आधारमा पर्याप्त अनुसन्धान विना महिला विरुद्ध मुद्दा चलाइएको

गर्भपतनको अभियोगमा महिला विरुद्ध चलाइएको सिराहा जिल्लाको एक मुद्दामा पुनरावेदन अदालत राजविराजले “प्रतिवादीहरु कसुर गरेकोमा इन्कार रहेका छन् । प्रतिवादीहरुको साक्षीको वकपत्रबाट सो इन्कारी वयान समर्थित रहेको छ । मेडिकल प्रतिवेदनबाट समेत प्रतिवादीहरुको इन्कारी बयान प्रमाणित भै रहेको देखिएको छ । गर्भपतन जस्तो संवेदनशील मुद्दामा वादी पक्षले तथ्यगत आधार प्रमाणद्वारा प्रतिवादीहरु उपरको अभियोग दावी पुष्टि गर्न सकेको पाईँदैन । शंकाको भरमा प्रतिवादीहरुले आरोपित कसुर गरेकै रहेछन् भनी कसुर स्थापित गरी सजाय गर्न मिल्दैन” भन्ने फैसला गरेको छ ।

*स्रोतः मिति २०७१ साल पौष २५ गते पुनरावेदन अदालत राजविराजको फैसला*

### कानुन बमोजिम गरेको गर्भपतनमा पनि महिला विरुद्ध मुद्दा चलाइएको

बैतडी जिल्ला अदालतले एक मुद्दामा “रक्तश्राव भै अस्पताल भर्ना भएपछि आफ्नो मन्जुरीले ६ हप्तादेखि १० हप्ताबीचको गर्भपतन गराउने सहमति दिई गर्भपतन गराउन इजाजत प्राप्त स्वास्थ्यकर्मीबाट मुलुकी ऐन ज्यान सम्बन्धी महलको २८ ख नं. अनुसार गर्भपतन गराएको भन्ने मिसिल संलग्न जिल्ला स्वास्थ्य कार्यालय बैतडीको च.नं. ६२ मिति २०७३।४।७ को पत्रसाथ संलग्न प्रतिवादी...को "Comprehensive Abortion Service Profile" बाट देखियो । मुलुकी ऐन, ज्यान सम्बन्धी महलको २८ ख नं. मा “यस महलको २८ नं.मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा नेपाल सरकारले तोके बमोजिमको प्रकृया अपनाई निर्धारित योग्यता पूरा गरेको इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले गर्भपतन गराएकोमा यस महल बमोजिम गर्भ तुहाएको मानिने छैन” उल्लेख भएकोले निज प्रतिवादी...लाई दोषी ठहर गर्न मिलेन । निजले अभियोग दावीको सफाइ पाउने ठहर्छ” भन्ने फैसला गरेको छ ।

*स्रोतः मिति २०७३ साल श्रावण ३० गते बैतडी जिल्ला अदालतको फैसला*

माथिका उदाहरणहरुले अदालतबाट सफाई पाए पनि अनुसन्धान अधिकारीहरुको पूर्वाग्रही व्यवहारका कारण महिलाहरु कानुनी कारवाहीमा परी अनावश्यक दुख कष्ट व्यहोर्नु परेको स्पष्ट देखिन्छ ।

## गर्भपतनसम्बन्धी अवधारणागत अस्पष्टता

गर्भपतन (Abortion), स्वतः गर्भ तुहिने (Miscarriage), शिशु हत्या (Infanticide), मृत जन्म (Still birth) फरक फरक विषयवस्तु हुन्, तर कानुन कार्यान्वयन गर्ने निकायहरुमा रहेको अवधारणागत अस्पष्टताले महिलाहरुनै पीडित हुनु पर्ने देखिन्छ ।

### स्वतः गर्भ तुहेको (Miscarriage) मा गर्भपतन (Abortion) को मुद्दा चलाएको

सिराहा जिल्ला अदालतबाट भएको एक मुद्दामा “म गर्भवती हुनासाथ मेरो पति... साउदी अरब गएकोमा म खाद बोकी आउँदा बाटोमा लडेको कारण मेरो पेटमा चोट परी गर्भमा रहेको रगतको डल्लो जस्तो बच्चा मृत अवस्थामा जन्मेकाले मैले सो भ्रूणलाई रोडको छेउमा फ्याँकेको हो तर मैले गर्भपतन गराएको होइन भनी यी प्रतिवादीले अदालतमा इन्कारी बयान गरेको देखिन्छ । भ्रूणको लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट यी प्रतिवादीले आफ्नो गर्भमा रहेको भ्रूणको गर्भ पतन गराएको भन्ने पुष्टि हुन सकेको छैन । मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीले आफ्नो पेटमा रहेको गर्भको गर्भपतन गराएको भन्ने कुरा पुष्टि हुन नसकेको एवं वादी पक्षले निर्विवाद र शंकारहित तवरबाट सो कुरा प्रमाणित गराउन सकेको नदेखिंदा शंका र अनुमानको भरमा प्रतिवादी ...लाई कसुरदार ठहर गर्नु न्यायोचित हुने नदेखिंदा यी प्रतिवादीले अभियोग मागदावी बमोजिमको आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ” भन्ने फैसला गरेको छ ।

*स्रोत : मिति २०७३ असार २९ गते सिराहा जिल्ला अदालतबाट भएको फैसला*

### शिशु मृत्युको कारण थाहा नभएपनि महिलाविरुद्ध कर्तव्य ज्यानमा मुद्दा चलाएको

पुनरावेदन अदालत विराटनगरले एक मुद्दाको फैसलाको क्रममा “निज मृतक बच्चाको शव परीक्षण प्रतिवेदन हेर्दा cause of death मा undetermined भनि उल्लेख भएको पाइन्छ । पाठेघर भित्रै शिशुको मृत्यु भए पनि सो सामान्य प्रसूतिबाट जन्मन सक्छ । यस्तो अवस्थालाई still birth भनिन्छ । जसमा सामान्य डेलिवरीहरुको ५ प्रतिशत still birth हुन्छ भनी प्राथमिक स्वास्थ्य केन्द्र उर्लावारी मोरङ्गको स्वास्थ्य परीक्षण रिपोर्ट देखिन्छ । ...निजहरुको मुचुल्का व्यहोराबाट यी प्रतिवादीले निज बच्चालाई मारेको हो नभनी विश्वास मात्र लाग्छ भनी उल्लेख गरेको, बच्चा जन्माई मारेको देख्ने कोही चश्मदित गवाह नरहेको, वादी पक्षबाट कसुर प्रमाणित गर्ने वस्तुनिष्ट प्रमाण पेश हुन नसकेको शव परीक्षण प्रतिवेदन रिपोर्टमा मृत्युको कारण undetermined भनि उल्लेख भएको आधार कारणहरुबाट निज प्रतिवादीको अदालतमा गरेको इन्कारी बयान समर्थित भै रहेको पाइयो । ...प्रतिवादीबाट भएको कसुर स्थापित गर्न वादी पक्षबाट अन्य शंकारहित तवरले पुष्टी हुने खालका स्वतन्त्र प्रमाणहरु पेश गर्न नसकेको अवस्था हुँदा उल्लेखित नजिर सिद्धान्त समेतको आधारमा यी प्रतिवादी...ले बच्चा जन्माई मारेको तथ्य स्थापित हुन नआउँदा शुरु मोरङ्ग जिल्ला अदालतबाट यी प्रतिवादी...लाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याई भएको फैसला मुनासिवै रहेको पाइयो” भन्ने व्याख्या गरेको छ ।

*मिति २०७० साल फागुन २३ गते पुनरावेदन अदालत विराटनगरको फैसला*

## जबरजस्ती करणीबाट रहेको गर्भलाई गर्भपतन गर्दा बालिका/महिलालाई सजाय गरिएको

गर्भपतनको आरोपका १३ वटा मुद्दाहरुमध्ये ४ वटा मुद्दामा[९] बालिका/महिला जवर जस्ती करणीका कारणबाट गर्भवती भएको देखिएको छ जसमध्ये ३ जना १६ वर्ष मुनिका बालिकाहरु रहेका छन् । उक्त मुद्दाहरुमा अभियोजनको क्रममा यी ४ वटै मुद्दाहरुमा जवरजस्ती करणीका कारण गर्भ रहेको भन्ने व्यहोरा उल्लेख गरेको भएता पनि पीडित बालिकाहरु र महिला विरुद्ध गर्भपतन गराएको आरोपमा सजायको माग दावी गरिएको छ । यस अध्ययनको क्रममा जबरजस्ती करणीका कारण गर्भपतन गर्नु पर्ने ३ वटा मुद्दाहरुमध्ये २ वटा मुद्दाहरुमा बालिकालाई गर्भपतन गरेको अभियोग साबित गरि सजायको फैसला गरिएको छ भने एउटा बालिकाविरुद्धको मुद्दा विचाराधीन अवस्थामा रहेको थियो । मुद्दाको कारवाही तथा फैसलामा पनि जबरजस्ती करणीको कारण रहेको गर्भलाई गर्भपतन गर्न बाध्य भएको तथ्यलाई ध्यान दिइएको छैन । बर्दियाको एउटा मुद्दामा मात्र पुरुष विरुद्ध जबरजस्ती करणीको अभियोगमा कारवाही गरिएको छ ।

### गर्भपतनको कसुरमा बालिकालाई सजाय गरिएको

इलाम जिल्लाको १४ वर्षिया बालिका जबरजस्ती करणीको सिकार भए पश्चात रहन गएको गर्भ करिव ४ महिना पछि उनको बुबाले औषधि पसलबाट औषधि किनेर छोरीलाई खान दिंदा छिमेकीले यस्तो औषधि खान हुँदैन भनेपछि छोरीलाई औषधि फिर्ता गर्न पठाएको तर आफ्नो तथा परिवारको इज्जत प्रतिष्ठा बचाउन औषधी सेवन गरी गर्भपतन गरेको बयानको आधारमा इलाम जिल्ला अदालतले कसुरदार कायम गरी सजाय गरेको देखिन्छ । अदालतको निर्णयमा बाबुले औषधी किनेर ल्याएको तर नखाउ भनेको र औषधी विक्रेताको गर्भपतन प्रकृयामा संलग्नताको पुष्टि नभएको कारण दुवैलाई सजायबाट सफाई दिएको तर बालिकाले औषधी आफैले सेवन गरी सोही औषधीबाट गर्भपतन भएको तथ्य सावित भएकोले बालिका कसुरदार ठहरीने फैसला गरेको छ ।

*स्रोतः मिति २०७२ साल पौष २ गते इलाम जिल्ला अदालतबाट भएको फैसलाको मुद्दाको मिसिलबाट*